# जनप्रतिनिधि तथा कर्मचारी स्वास्थ्य उपचार कल्याणको सञ्चालन ऐन, २०८१

## संसोधन मिति २०८२/१२/२२

## सिमकोट गाउँपालिका

सिमकोट गाउँपालिकामा कार्यरत जनप्रतिनिधि एवम कर्मचारीहरुको स्वास्थ्य उपचार कोष

संचालन गर्ने बनेको ऐन २०८१/०९/१९

प्रस्तावनाः

सिमकोट गाउँपालिकामा कार्यरत जनप्रतिनिधि एवम कर्मचारीहरुको अकास्मात कुनै प्रकारका दुर्घटना वा असामान्य रोग लागेमा आर्थिक सहयोग गर्ने अभिप्रायले सिमकोट गाउँपालिका अन्तर्गत एउटा स्वास्थ्य उपचार कल्याण कोष संचालन ऐन तयार गरी लागू गरीएको छ।

(१) संक्षप्त नाम प्रारम्भ :

(क) यस ऐनको नाम स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन, २०८१ रहेको छ

(ख) यो ऐन सिमकोट गाउँसभाले पारित गरेको मितिदेखि लागू हुने छ।

(२) परिभाषा : विषय वा प्रसङ्गने अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) ऐन भन्नाले स्वास्थ्य उपचार कल्याण कोष संचालन ऐन, २०८१लाई सम्झनु पर्छ ।

(ख) कर्मचारी भन्नाले सिमकोट गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षकलाई सम्झनु पर्छ ।

(ग) जनप्रतिनिधि भन्नाले सिमकोट गाउँपालिकामा निर्वाचित वहालवाला जनप्रतिनिधिलाई सम्झनु पर्छ।

(३) कार्य समितिको गठनः यस कल्याण कोषको संचालन एवम् व्यवस्थापनका लागि पाँच सदस्यीय एक कार्यसमिति रहने छ।

(क) सिमकोट कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको जनप्रतिनिधि मध्ये २ जना सदस्य

(ग) गाउँपालिकाका कर्मचारीहरुमध्ये बाट कर्मचारीहरूको बैठकले तोकेको १ जना सदस्य

(घ) स्वास्थ्य शाखाको प्रमुख -सदस्य सचिब

(८) संरक्षक: कोषको संरक्षकमा यस सिमकोट गाउँपालिकाका अध्यक्ष प्रमुख रहने छन ।

(५) सल्लाहाकारः कार्य समितिलाई आवश्यक सल्लाह सुझाव दिन एक सल्लाहाकार समिति रहने छ ।

(क) उपाध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत

(६) कार्यसमितिको बैठक: कार्य समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(७) कार्यकाल : कार्य समितिको कार्यकाल २ वर्षको रहने छ।

(८) साधारण सदस्यता: सिमकोट गाउँपालिकाका निर्वाचित पदाधिकारी एवं कार्यरत सम्पुर्ण कर्मचारी तथा शिक्षकहरु यसका साधारण सदस्य रहने छन् ।

(९) सदस्यता प्राप्त : यस कोषको साधारण सदस्यता प्राप्त देहाय बमोजिम हुने छ

(क) निर्वाचित जनप्रतिनिधि एवं सिमकोट गाउँपालिकार्यत कर्मचारीहरु र शिक्षक स्वतः यस कोषको साधारण सदस्य रहने छन।

(१०) सदस्यताको समाप्ति : यस कोषको सदस्यताको समाप्ति देहाय बमोजिम हुने छ।

(क) निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल समाप्त भएमा ।

(ख) कर्मचारि तथा शिक्षकको हकमा यस गाउँपालिकामा कार्यरत नरहेमा ।

(ग) निजको मृत्यु भएमा।

(११) कोषको आर्थिक श्रोतः कोषको आर्थिक श्रोत देहाय वमोजिम हुनेछ।

(क) कोषको स्थापनाको लागि गाउँपालिकाबाट रु ५ लाख (अक्षेरुपी पाँच लाख रकम पहिलो पटक प्राप्त हुनेछ।

(घ) गाउँपालिकाले कोषको आवश्यकता र अवस्था हेरी थप रकम जम्मा गर्दै जान सक्नेछ ।

(१२) कोषको खाता संचालनः यस कोषको खाता सञ्चालन देहाय बमोजिम हुने छ।

(क) गाउँपालिकाको प्रमुख प्रमुख प्रशासकिय अधिकृत र लेखा हेर्ने अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ।

(१३) कोषको सञ्चालनः यस कोषको परिचालन निम्नानुसार हुनेछ।

(क) मुटु रोग, क्यान्सर, मृगौला सम्बन्धी रोग, पक्षघात, जस्ता गम्भीर प्रकृतिको रोग लागेर बिरामी भएको वा दुर्घटनामा परी गम्भीर घाइते भई उपचार गराउने अवस्थामा कोषको रकमबाट सहयोग गरिने छ। तर यस्तो सहयोग प्रदान गर्दा नेपाल सरकारवाट स्वास्थ्य विमा सुविधा तथा निःशुल्क उपचार गर्ने व्यवस्था भएकोमा त्यस्तो विरामी र एक जना कुरुवा लाई स्वस्थ्य संस्थामा जान आउनका लागि बर्षमा एक पटक सम्म आतेजाते बापतको रकम भुक्तानी गरिने छ।

(ग) कोषको रकम माग गर्ने सदस्य आफै वा आफ्ना नजिकको आफन्त मार्फत आफ्नो डाक्टरको जाँचको प्रतिवेदन (मेडिकल रिपोर्ट) सहितक कल्याणकोष सन्चालन समिति समक्ष निवेदन दिनु पर्ने छ ।

(घ) सिफारिसका आधारमा कार्यपालिकाको बैठकबाट निवेदकको रोगको अवस्था दुर्घटनाको अवस्था र निजको आर्थिक अवस्था समेत हेरेर उचित निर्णय गर्नु पर्नेछ ।

(क) निवेदकको रोगको वा दुर्घटनाको अवस्था हेरेर सहयोग रकम सामान्यतया यस प्रकार हुनेछ ।

**बढिमा ५ पाँच लाखसम्मको रकम सत् प्रतिशत रकम उपलब्ध गराउने ।**

(च) माथि उल्लेखति अवस्था वाहेक कुनै पनि जनप्रतिनिधि कर्मचारीको मृत्यु भएमा एकमुष्ट १ लाख रुपैया सहयोग गरिनेछ।

माथि उल्लेखित दफा (ङ) मा जे भनिएता पनि माथिको सहयोग रकमको हिसाव गर्दा प्रत्येक नम्बर को बेग्ला हिसाब निकाली जोड गरिने छ। जति पटक भएपनि एक कार्यकाल अवधिभर बढीमा रु. १ लाख ५० हजारसम्म सुविधा उपलब्ध गराइने छ।

(१४) बाधा अड्काउ फुकाउ अधिकार यस ऐनमा व्यवस्था भएको विषय नेपालको संविधान र प्रचलित कानुनसंग बाझिएमा, वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# सिमकोट गाउँपालिका

## स्थानीय राजपत्र

भाग १ खण्ड : ८ संख्याः १

# जनप्रतिनिधि र कर्मचारी स्वास्थ्य उपचार कल्याणको सञ्चालन ऐन, २०८१

## संसोधन सहित

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०९/१७

गाउँ सभाबाट पारित मिति २०८१/०९/१९

संसोधन मिति २०८२/१२/२२